annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १३५ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २७ भदौ २०८२ | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# संवैधानिक दायराभित्रकै निकास, कहिले जुट्ला समाधान ?

जेन-जी आन्दोलन सफलतासँगै मुलुकमा विषम परिस्थिति सिर्जना भएको छ । संविधानले राष्ट्रपतिलाई नेपाली सेनाको परमाधिपतिको मान्यता दिएको छ । मुलुकको राष्ट्राध्यक्षसमेत रहेका राष्ट्रपति रामचन्द्र पौडेललाई राष्ट्रिय एकताको प्रवर्द्धन गर्दै संविधानको पालन र संरक्षण गर्नुपर्ने अभिभारा काँधमा आएको छ ।

समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले / दिनेश गौतम** | *काठमाडौं*

**– को रिपोर्ट**

## अमेरिकी हिरासतमा रहेका ३१० भन्दा बढी दक्षिण कोरियाली नागरिक रिहा

**वासिङटन** (एजेन्सी): गत साता अमेरिकी आप्रवासन कारबाहीमा पक्राउ परेका सयौं दक्षिण कोरियाली कामदारलाई बिहीबार बिहान रिहा गरिएको छ। दक्षिण कोरियाको निकट सहयोगी मुलुक संयुक्त राज्य अमेरिकाद्वारा आफ्ना नागरिकहरूको अकल्पनीय सामूहिक हिरासतको अन्त्य गर्न साता लामो कूटनीतिक प्रयास गरिएको थियो।

साभाना नजिकै ब्रायन काउन्टीमा हुन्डाई मोटर ग्रुप र एलजी इनर्जी सोलुसनको संयुक्त उद्योगले सञ्चालन गरेको इलेक्ट्रिक भेहिकल (ईभी) ब्याट्री प्लान्ट निर्माण स्थलमा छापा मारेको एक सातापछि कुल ३१६ कोरियाली नागरिकहरू जर्जियाको फोल्कस्टनमा रहेको हिरासत केन्द्रबाट फर्किएका छन्।

एक दर्जनभन्दा बढी विदेशीसहित कोरियाली नागरिकहरू करिब ४.५ घण्टा लामो बसमा यात्रा गरेर एटलान्टाको हार्ट्सफिल्ड-ज्याक्सन एटलान्टा अन्तर्राष्ट्रिय विमानस्थल पुग्नेछन्। विमानस्थलमा उनीहरू चार्टर गरिएको कोरियन एयरको विमानमा चढेर स्वदेश फर्कने छन्। उक्त जहाज स्थानीय समयअनुसार बिहीबार मध्याह्नमा उड्ने र शुक्रबार कोरिया पुग्ने बताइएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उनीहरूलाई अमेरिकामा बस्न प्रोत्साहित गरेपछि कामदारहरूको रिहाइ सुरुमा योजना गरिएको भन्दा एक दिन ढिलो भएको छ। सियोलका अधिकारीहरूले प्रशासनले अमेरिकाको जहाज निर्माण, चिप निर्माण, मोटर वाहन र अन्य उद्योगहरूलाई पुनर्जीवित गर्न कोरियाली कम्पनीहरूसँग बढी सहयोग खोज्ने बताएका छन्।

दुई देशको आर्थिक सहकार्यको एक प्रमुख उदाहरणको रूपमा हेरिएको विद्युतीय ब्याट्री उत्पादनस्थलमा कोरियालीसहित कुल ४७५ व्यक्तिहरू पक्राउ परेका थिए। यसलाई आप्रवासन र भन्सार प्रवर्तन (आइसिई) अधिकारीहरूले 'आन्तरिक सुरक्षा अनुसन्धानको इतिहासमा उत्पादनस्थलमा गरिएको सबैभन्दा ठूलो एकल खानतलासी र पक्राउ' भनेका छन्।

आइसिईले उनीहरू अमेरिकामा अवैध रूपमा काम गरिरहेका बताएको छ। यसमा छोटो अवधिको वा मनोरञ्जन भिसामा रहेका व्यक्तिहरू पनि थिए। यो भिसामा अमेरिका पुग्ने कसैले पनि काम गर्न निषेध छ। अधिकांश कोरियाली कामदारहरू अस्थायी भिजिटर भिसा (बी-१) वा भिसा छुट कार्यक्रममा रहेको बताइएको छ।

## संयमित र रचनात्मक संवादले निकास खोज्न अन्तर्राष्ट्रिय समुदायको सुझाव

**राधा खनाल** | *काठमाडौं*

जेन-जी आन्दोलनबाट निम्तिएको नेपालको पछिल्लो घटनाक्रमका बारेमा अन्तर्राष्ट्रिय समुदायले पनि चासो व्यक्त गरेका छन्। थप हिंसाको बाटोमा नगई संयमित भएर रचनात्मक संवादले समाधान खोज्न उनीहरूले आग्रह गरेका छन्।

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले नेपालमा जेन-जी आन्दोलनका क्रममा भएको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो दु:ख व्यक्त गरेका छन्। उनले यस घटनाको गहन छानबिन गरी थप हिंसा हुन नदिन संयमता अपनाउन र रचनात्मक संवादको माध्यमबाट समाधान खोज्न आग्रह गरेका छन्।





महासचिव गुटेरेसले सामाजिक सञ्जाल एक्समार्फत नेपाल सरकारलाई मानव अधिकार कानुनको पूर्ण पालना गर्न आग्रह गरेका छन्। उनले नागरिकलाई शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्न र जीवन तथा सम्पत्तिको सम्मान गर्न पनि आह्वान गरेका छन्। शान्ति पूर्ण विरोध प्रदर्शनमा नभएको ज्यादतिबाट यो अवस्था निम्तेको विषयमा भने उनले केही बोलेका छैनन्। यद्यपि उनले विरोध प्रदर्शन, जीवन र सम्पत्तिको सम्मान गर्न भने आग्रह गरेका छन्। नेपालको पछिल्लो घटनाक्रम र विकसित स्थितिलाई राष्ट्रसंघले नजिकबाट नियालिरहेको पनि उनले बताएका छन्। गुटेरेसले थप मानवीय क्षति हुन नदिन सबै पक्षलाई जिम्मेवार बन्नसमेत आग्रह गरेका छन्। उनले संवाद र शान्तिपूर्ण उपाय नै कुनै पनि समस्याको समाधान रहेकोमा जोड दिएका छन्।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाली जनतालाई शान्ति कायम राख्न अपिल गरेका छन्। उनले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै सुरक्षासम्बन्धी मन्त्रिपरिषद् समितिमा नेपालमा उत्पन्न पछिल्लो अवस्थाबारे विस्तृत छलफल भएको उल्लेख गर्दै यस्तो अपिल गरेका हुन्।

मोदीले लेखेका छन्, 'नेपालमा भएको हिंसा हृदयविदारक छ। यसमा धेरै युवाले ज्यान गुमाएका छन् भन्ने थाहा पाउँदा धेरै पीडा भएको छ।'

उनले नेपालको स्थायित्व, शान्ति र समृद्धि भारतका लागि अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरेका छन्। भारतले सबै नेपालीलाई संयमता अपनाउन आग्रह गरेको छ। भारतीय विदेश मन्त्रालयले पनि विज्ञप्ति जारी गर्दै शान्तिपूर्ण माध्यमबाट समस्याको समाधान गर्न पनि आग्रह गरेको छ। विज्ञप्तिमा भनिएको छ, 'हामी हिजोदेखि नेपालमा भएका घटनाक्रमहरूलाई नजिकबाट नियालिरहेका छौं र धेरै युवाहरूको ज्यान गएकोमा गहिरो दु:खी छौं। हाम्रो विचार र प्रार्थना मृतकका परिवारहरूसँग छ। हामी घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्छौं।'

नेपालमा रहेका भारतीय नागरिकहरूलाई सावधानी अपनाउन र नेपाली अधिकारीहरूले जारी गरेका कदम र निर्देशनको पालना गर्न पनि भारत सरकारले आफ्ना नागरिकलाई सुझाव दिएको छ।

अर्को छिमेकी देश चीनले नेपालमा विकसित घटनाक्रमप्रति चिन्ता व्यक्त गर्दै चाँडै सामाजिक व्यवस्था र स्थायित्व पुन: स्थापना हुने आशा व्यक्त गरेको छ।

» बाँकी पृष्ठ ३

## इजरायली हवाई आक्रमणमा ३५ यमनी नागरिकको मृत्यु

**यमन** (एजेन्सी): उत्तरी यमनको हुथी नियन्त्रणमा रहेको क्षेत्रमा इजरायलले गरेको हवाई आक्रमणमा परी कम्तीमा ३५ जनाको मृत्यु भएको हुथी नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ। बुधबार भएको आक्रमणमा परी १ सय ३१ जना घाइते भएको मन्त्रालयले बिहीबार पुष्टि गरेको छ।

मन्त्रालयका अनुसार आक्रमणमा अधिकांश मृत्यु राजधानी सानामा भएको छ। त्यहाँ २८ जनाको मृत्यु भएको र १ सय १३ जना घाइते भएका छन्। उत्तरी प्रान्त अल-जावफमा ७ जनाको मृत्यु हुनुको साथै १८ जना घाइते भएका छन्। उद्धार टोलीले भग्नावशेषमा खोजी गरिरहेकाले मृतकको संख्या बढ्न सक्ने बताइएको छ।

प्रत्यक्षदर्शीका अनुसार सानामा भएको आक्रमणले रक्षा मन्त्रालय, हुथी सेनाका प्रवक्ता याह्या सारियाको कार्यालय, एक सैन्य शिविर र इन्धन भण्डारण स्थललाई लक्षित गरेको थियो।

अल-जावफमा हुथीद्वारा सञ्चालित अल-मसिरा टिभीले समाचारमा उल्लेख गरेअनुसार लक्ष्यहरूमा एक सरकारी भवन, एक बैंक र प्रान्तीय राजधानी अल-हज्ममा एक कार्यालय परेका थिए। आक्रमणस्थलबाट नजिकैका घरहरू र नागरिक सुविधाहरूमा पनि क्षति पुगेको बताइएको छ।

## परिवार पर्खिरहेको छ, श्रीमयको शव

**किशोर बुढाथोकी** | *विराटनगर*

जेन-जी आन्दोलनका क्रममा प्रहरीले चलाएको गोली लागेर मोरङ लक्ष्मीमार्गका १८ वर्षीय श्रीमय चौलागाईंको मृत्यु भयो।

तर, परिवारले अझै उनको शव पाएको छैन। जेन-जी आन्दोलनका सहिद श्रीमयको परिवार असह्य पीडा र शोकमा डुबेको छ। उनको मृत्यु भएसँगै परिवारमा ठूलो बज्रपात पर्‍यो। उनी सोमबार बिहान कलेजबाट वासस्थान काँडाघारी फर्कंदै गर्दा आफ्नी बहिनीलाई 'म केहीबेरमा फर्कन्छु' भनेर बानेश्वरमा ओर्लिए। तर, बहिनीसँग चाँडै फर्किने बाचा गरेर बानेश्वर ओर्लिए। अनि, आन्दोलनमा होमिएका उनी अब कहिल्यै नफर्किने गरी अस्ताए।

श्रीमय कलेजबाट फर्किएर माइतीघर मण्डलामा भइरहेको जेन-जी आन्दोलनमा सहभागी बनेका थिए। आन्दोलनकै क्रममा प्रहरीले चलाएको गोली टाउकोमा लागेर श्रीमयको मृत्यु भएको परिवारजनले बताएका छन्। उनी इटहरीबाट प्रवेशिका परीक्षा सकेर केही समयअघि उच्च शिक्षा अध्ययनका लागि काठमाडौं पुगेका थिए।



काँडाघारी बसेर ग्लोबल कलेजमा अध्ययनरत उनले सामान्यतया राजनीतिमा चासो नदेखाउने परिवारको भनाइ छ। तर, भ्रष्टाचार अन्त्य र सुशासनका लागि जेन-जी अभियानले उनलाई समेत आकर्षित गरेको थियो। 'आन्दोलनमा सहभागी हुँदा श्रीमय उत्साहित थिए। तर, परिवारलाई यस्तो भयानक परिणाम भोग्नुपर्ला भन्ने कल्पनासमेत थिएन,' मामा केशव कार्कीले भने।

उनी भन्छन्, 'भान्जा पढाइमा तेज थिए। राजनीतिमा सक्रिय थिएनन्। तर, आन्दोलनले उनलाई छोएको रहेछ। त्यो दिन उनी देशलाई निकास दिनुपर्ने सोचसहित आन्दोलनमा होमिएका रहेछन्। तर, विडम्बना अब उनी हाम्रो बीचमा छैनन्। परिवार र आफन्त शोकमा डुबेका छौं।'

श्रीमय सोमबार रातिसम्म घर नफर्केपछि परिवारजनले खोजी थालेका थिए। कार्की आफैं ट्रमा सेन्टर पुगे। त्यहाँ श्रीमयको नाम मृतकको सूचीमा सातौं नम्बरमा थियो। 'सम्हालिन धेरैबेर लाग्यो। सँगै हुर्काएको र पढाएको सम्झनाले झस्कायो। घरमा खबर गर्ने साहस जुटाउन कठिन भयो,' केशव भन्छन्।

उनका अनुसार अहिलेसम्म परिवारले शव पाउन सकेको छैन। कहिले जिम्मा लगाइने हो भन्ने टुंगोसमेत छैन। उनको शव भद्रकालीस्थित सुरक्षा निकायको नियन्त्रणमा राखिएको जानकारी परिवारले पाएको छ।

» बाँकी पृष्ठ ३

## जेन–जी आन्दोलनमा गोरखाका ३ को मृत्यु

**शिव उप्रेती** | *गोरखा*

जेन-जी आन्दोलनका क्रममा राजधानीमा भएको विरोध प्रदर्शनमा गोरखाका तीन युवाले सहादत पाएका छन्। ३० भन्दा धेरैको मृत्यु भएकामध्य गोरखाका तीन जना छन्।

सोमबार पहिलो दिन भएको विरोध प्रदर्शनमा बारपाक सुलीकोट गाउँपालिका-५ नारेश्वरडाँडाका, गण्डकी गाउँपालिका ४ ढाबेका र पालुङ्टार ३ बर्देडाँडाका तीन युवाले सहादत प्राप्त गरेका मृतकका आफन्तहरूले जानकारी दिएका छन्।

बारपाक सुलिकोट-५ नारेश्वरडाँडा निवासी २२ वर्षका विमल भट्टले संसद् भवन अघि गोली लागेर सहादत पाएका उनका आफन्त सुजन भट्टले बताए। सोमबार ३:३० बजे संसद् भवनअघि प्रदर्शनको क्रममा निधारमा गोली लागेर भट्टको घटनास्थलमै मृत्यु भएको उनले जानकारी दिए। उनको शव त्रिवि शिक्षण अस्पता रहेको भट्टले जनाए।

उनी जलकन्यादेवी माविमा माध्यमिक शिक्षा पूरा गरी उच्च शिक्षाका लागि काठमाडौंमा रहँदै आएका थिए।

त्यस्तै गण्डकी ४ ढाबेका २३ वर्षका अर्जुन भट्टको पनि सोमबार दुई बजेतिर गोली लागेर मृत्यु भएको हो। थापाथलीमा भएको विरोध प्रदर्शनका क्रममा टाउकामा गोली लागेर उनको मृत्यु भएको मृतकका आफन्त तथा वडाअध्यक्ष राजु भण्डारीले जानकारी दिए।

» बाँकी पृष्ठ ३